# घोषणापत्र

समस्याहरु

-राज्यले वृत्तचित्र लगायतका नन-फिक्सनलाई पनि चलचित्रकै विधा हो भन्ने स्पष्ट नीतिगत रुपमा उल्लेख नगर्दा बजारको अभाव छ।

-चलचित्रक्षेत्रको करमा छुटको व्यवस्था हुनसक्दा हलसञ्चालकहरु मारमा परेका छन्।

-सिंगल थिएटरहरु दिनप्रतिदिन बन्द हुनु दयनीय अवस्था हो।

-चलचित्रक्षेत्रमा कपीराइटसम्बन्धि जानकारी नहुँदा फिल्ममेकरले समस्या भोग्नुपरेको छ।

-नेपाली दर्शकहरुमा सिनेमा सारक्षताको अभाव छ।

-नेपाली चलचित्र प्रदर्शनलाई पनि निर्माणझै उद्योगमा राख्नुपर्छ। तर, निर्माणलाई उद्योगको रुपमा राखिएपनि सेवा र सेवा सुविधा भने उपलब्ध छैन।

-नेपालको चलचित्र क्षेत्र २०२६ को चलचित्र ऐनअनुसार चलिरहेको छ।

-कार्यक्षेत्रमा कलाकारहरु यौन शोषण, श्रम शोषण र आर्थिक शोषणजस्ता थुप्रै उत्पीडन भोग्नुपरिरहेको छ।

-प्राविधिक सम्बन्धित निश्चित मापदण्ड नहुँदा चलचित्र गुणस्तर बढ्न सकेको छैन।

-नेपाल बहुजातीय र बहुभाषिक देश भएपनि फिल्म बनाउँदा बोर्डमा नेपाली भाषालाई मात्रै प्राथमिकता दिँदा निर्माणदेखि प्रदर्शनसम्म ठूलो चुनौती छ।

-चलचित्र बनाउँदा बैंकबाट लोन लिने व्यवस्था नहुँदा निर्माताहरुलाई लगानी गर्न कठिन छ।

-विश्वले चलचित्रसम्बन्धि प्राविधिक पाटोमा फड्को मारेपनि नेपालमा त्यसलाई स्विकार गरेर अगाडी बढ्न नसकेको अवस्था छ।

-नेपाल सरकारले फिल्मक्षेत्रमा अन्य देशसँग सह-निर्माण सम्झौता (Co-production treaty) लागु गर्न सकेको छैन। जसले फिल्महरुमा वैदेशिक लगानी गर्ने प्रावधान नहुँदा पनि अवसरहरुको अभाव छ।

-चलचित्रको स्रोतसाधन र कलाकाहरूको लागि बीमाको नीति छैन।

-चलचित्र हलहरु सहरकेन्द्रीत हुँदा गाउँका दर्शकहरुमा सिनेमा हेर्ने कल्चरको विकास हुन सकेको छैन।

-बालकलाकारहरुलाई चलचित्रमा काम लगाउँदा अपनाउनुपर्ने गाइडलाइन नहुँदा उनीहरुमा मनोवैज्ञानिक असर परेको छ।

समाधानहरु

-राज्यले वृत्तचित्र लगायतलाई चलचित्रकै विधा हो भनेर स्पष्ट रुपमा ऐनमा उल्लेख गर्नुपर्छ। जसको लागि वि.सं २०२६ सालको चलचित्र ऐनलाई परिमार्जित गरेर नयाँ विधेयक ल्याउनुपर्छ।

-चलचित्रमा लाग्ने करमा छुटको व्यवस्था गर्नुपर्छ।

-सिंगल थिएटरलाई सरकारले अनुदान दिनुका साथै मल्टिप्लेक्सको अवधारणमा ल्याउनुपर्छ।

-सिनेमा साक्षरता अभियान सुरु गर्नुका साथै काठमाडौं महानगरपालिकाले सभागृहलाई फिल्म सेन्टरको रुपमा रुपान्तरण गर्नुपर्छ।

-विद्यालयस्तरदेखि कलेजसम्म पाठ्यक्रममा चलचित्रसम्बन्धी विषयवस्तुलाई समेटिनुपर्छ।

-चलचित्रकर्मीको सुरक्षासम्बन्धि कानुन निर्माण हुनुपर्छ।

-प्रदर्शनअघि चलचित्रको टेक्निकल स्क्रिनिङ प्रणालीको विकास गर्नुका साथै ट्रायल शोका लागि राज्यले स्थान उपलब्ध गराउनुपर्छ।

-स्थानीय सरकारले हरेक वडामा सिनेमा क्लव निर्माण गर्नुपर्छ।

-सिनेमाक्षेत्रको प्राविधिक पाटोमा निश्चित मापदण्ड बनाएर उत्कृष्ट सिनेमा बनाउने अभ्यास थाल्नुपर्छ।

-बहुभाषिक र बहुसाँस्कृतिक देश भएकाले नेपालमा सुचिकृत सबै भाषामा फिल्म दर्ता गर्ने सहज व्यवस्था हुनुपर्छ।

-चलचित्र विकास बैंकको स्थापना गर्नुपर्छ।

-स्थानीय सरकारसँगको सहकार्यमा मिनी हल सञ्चालन गरेर दर्शकहरुको सिनेमा हेर्ने कल्चर बढाउन सकिन्छ।

-बाल कलाकारको लागि निश्चित मापदण्ड बनाउनुपर्छ।

निष्कर्ष

-नेपाल चलचित्र आयोग गठन गर्न नेपाल सरकारका सबै निकायलाई दबाब दिने।

-दीपेन्द्र गौचनको सयोजकत्त्वमा कार्यदल गठन गरेर दबाब प्रक्रिया अगाडी बढाउने निर्णय गरिएको छ।

चलचित्र क्षेत्रको समस्या र समाधानसहित आएको निष्कर्षलाई प्रधानमन्त्री कार्यालयसहित सञ्चार मन्त्रालय, चलचित्र विकास बोर्ड लगायत चलचित्रसम्बन्धि संघसंस्थामा बुझाइनेछ।